# रैकवारविचवा गा.वि.स.मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

२०७२

आयोजक :

**जिल्ला विकास समितिको कार्यालय,**

**कंचनपुर**

मिति : २०७२।७।२०

## १) पृष्ठभुमी :

यद्यपी जिविस पहिले देखि नै जनमुखी थियो, तर जनताका बुझाई हरु फरक थिए । धेरै का बुझाई आजसम्म पनि फरकै छन । कर्मचारी संयन्त्र बाट सञ्चालन हुने कार्यहरुका सवालमा समय सापेक्ष रुपमा टिप्पणी हुने सम्भावना पनि बढि हुन्छ । प्रजातान्त्रीक अभ्याससगै विकास भएको विकेन्द्रिकरणको नितिमा राष्ट्र अभ्यस्त हुदै आएको छ । लोकतन्त्र प्राप्ती पछि सरकारी गैरसरकारी सबै निकायहरुले कार्यशैलीमा पनि सुधार ल्याएका छन । नेपालमा स्थानीय विकास निर्माणका लागि जनताको प्रतिनिधिमुलक संस्थाको रुपमा जिल्ला विकास समिति तथा त्यो भन्दा पनि तल गाविसहरुले कार्य गर्ने संरचना छ । संरचनागत हिसाबले जिविस स्थानीय विकासको समन्वयकर्ता र प्रमुख सरोकारवाला निकाय पनि हो । देशको सबै भन्दा महत्वपुर्ण अंग मानिएका स्थानीय निकायले कसरी काम कारवाही गर्दछ त्यो लक्षित क्षेत्रका जनताको पहिलो जिज्ञासा र सरोकार को विषय हो भन्दा अतिसंयोक्ति पनि नहोला । तर अधिकांस जनता अझै गरिवि र अशिक्षाको रेखा मुनी नै भएकाले धेरैले जिविस तथा अन्य सरकारी निकायले के सेवा प्रदान गर्दछ भन्ने जानकारी नै पाउन नसकेको यर्थात हामी सामु छ ।

यसै समस्यालाई ध्यानमा राखि जिल्ला विकास समितिको कार्यालयले आ.व. ०६३/०६४ देखि नै सार्वजनिक सुनुवाईको आयोजना गर्दै आईरहेको छ । यसै सन्दर्भमा यस आ.व.को पहिलो चौमासिकमा रैकवारविचवा गा.वि.स.मा मिति २०७२।७।१९ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो ।

## २) कार्यक्रम संचालन भएको स्थान :

यस पटकको सार्वजनिक सुनुवाई कार्यक्रमलाई रैकवारविचवा गा.वि.स.को सभाकक्षमा संचालन गरिएको थियो ।

## ३) कार्यक्रमका सहभागीहरु :

यस सार्वजनिक सुनुवाई कार्यक्रममा देहाय अनुसारको सहभागिता रहेको थियो ।

| | |
|---|---|
| १) श्री मोहन पौडेल | स्थानीय विकास अधिकारी |
| २) श्री सिद्धराज पन्त | कार्यक्रम अधिकृत |
| ३) श्री भानदेव भट्ट | कार्यक्रम अधिकृत |
| ४) श्री प्रेम वोगटी | कार्यकारी सचिव |
| ५) श्री टेकवहादुर चन्द | ना.सु. |

६)  रैकवारविचवा गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु

७)रैकवारविचवा गा.वि.स.सचिव

८) सेवाग्राहीहरु

९)अन्य उपस्थित महिला तथा पुरुष

## ४) उदघाटन समारोह तथा आशन ग्रहण

* कार्यक्रम सञ्चालन : प्रेम वोगटी
* सभापती रैकवारविचवा गा.वि.स. सचिव
* प्रमुख अतिथी श्री मोहन पौडेल स्था.वि.अ.
* रैकवारविचवा गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु
* सिद्धराज पन्त का.अ.
* अन्य उपस्थित महिला तथा पुरुष

## ५) स्वागत एव कार्यक्रमको उद्देश्यबारे जानकारी :

सिद्धराज पन्त का.अ.जिल्ला बिकास समिति कञ्चनपुर ।

## ६) नागरिक सुनुवाईको आचारसंहिता वारे जानकारी : भानदेव भट्ट

१) सुनुवाईका सहभागीले वोल्न लिखित वा संकेत (हात उठाएर) वाट अनुमति लिनु पर्दछ ।

२) संचालकले सहमति दिए पश्चात मात्र वोल्नु पर्नेछ ।

३) सहभागी तथा वक्ताहरुको लागि समय सीमा तोकिनु पर्दछ र समय सीमा भित्र रहि वोल्नु पर्दछ ।

४) सहभागीहरुले आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषय केन्द्रीत भएर वोल्नु पर्नेछ ।

५) अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई संचालकद्वारा विच मै रोकी विषय केन्द्रीततर्फ ल्याउनु पर्दछ ।

६) सहभागीले पहिले उठीसकेका विषयवस्तुलाई दोहोर्याउन पाउने छैनन । पहिले उठिसकेका विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

७) सुनुवाईको क्रममा व्यक्तिगत लान्छना लगाउन पाउने छैन र व्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाउने छैन ।

८) सहभागीहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनु पर्नेछ ।

**संचालकको आचारसंहिता**

१) पालैपालो नाम टिपाएर वोल्न लगाईनेछ ।

२) वोल्दा आफ्नो सेवा प्राप्त सम्वन्धी अनुभव भोगेका विषयवस्तुसंग सन्दर्भ मिलेको कुरा वोल्न लगाईनेछ र सकेसम्म तथ्य प्रकाश गर्न लगाईनेछ ।

३) व्यक्तिगत लान्छना भनाई राख्न रोक लगाईनेछ ।

४) समयलाई विचार गरी वोल्न लगाईनेछ ।

५) संचालकले आफ्नो भनाई नराखी सहभागीले उठाएको प्रश्न र जिज्ञासालाई स्पष्ट पार्ने वा पार्न लगाउने ।

६) सहभागीलाई शालिनतापूर्व प्रस्तुत गर्न लगाउने र लैङ्गिक समावेशीकरणलाई ध्यानमा राखि वोल्न लगाउने ।

## ७) खुला सत्र :

यस सत्रमा सेवाग्राहीहरुले सेवा प्रदायकसंग प्रश्न, जिज्ञासा, गुनासाहरु राख्नुभएको थियो जसको जवाफ, समाधान स्था.वि.अ. मोहन पौडेलले गर्नुभएको थियो ।

| सि.नं. | सहभागीको प्रश्न | जवाफ दिने पदाधिकारीको नाम, पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|
| १ | विद्युत महसूल वुझाउने काउन्टरको व्यवस्था हुनुपर्‍यो । | स्था.वि.अ. मोहन पौडेल | नेपाल विद्युत प्राधिकरण कंचनपुरमा कुरा गरौंला । |
| २ | वडा नं. ४ कार्की कटान अत्तरिया जोडने पूल अधुरो छ वन्ने हो कि होईन ? | स्था.वि.अ. मोहन पौडेल | नेपाल सरकारको योजना हो वन्छ । |
| ३ | जनताको तटवन्धले खासै काम गरेको छैन। मेहना नदीले ठूलो कटान गरेको छ | स्था.वि.अ. मोहन पौडेल | समन्वय गर्न सकिन्छ । योजना माँग गर्नुहोस |

| | | | |
|---|---|---|---|
| | । समन्वय गर्न सकिन्छ ? | | |
| ४ | सरकारी स्कूलमा फीस तिर्नु परेको छ किन ? | स्था.वि.अ. मोहन पौडेल | शिक्षा समितिसंग कुरा गरौंला । |
| ५ | गा.वि.स.मा पशु तर्फ र कृषि तर्फ जे.टि.ए.को व्यवस्था गनुपर्ने । | स्था.वि.अ. मोहन पौडेल | जिल्ला कृषि विकास कार्यालयसंग कुरा गरौंला । |
| ६ | वडा नं. ६ देखि ९ सम्म जोडने वाटोमा सडक ग्रेभलको माँग | स्था.वि.अ. मोहन पौडेल | जि.वि.स.को यस वर्षको योजनामा वडा नं. ६ देखि ८ जोडने वाटो परेको छ। अर्को वर्ष प्राथमिकतामा पारेर पठाउनुहोला जिविसले प्राथमिकतामा राख्छ । |
| ७ | सवै वडाहरुमा विद्युत पोलको व्यवस्था गरि दिनु पऱ्यो ? | स्था.वि.अ. मोहन पौडेल | वडा भेला, गाउ परिषद, ईलाका गोष्ठी लगायत सवै प्रक्रियावाट प्राथमिकतामा परेर आएमा जि.वि.स.ले सहयोग गर्छ । |
| ८ | वडा नं. ४ कलुवापुर चोक देखि राममन्दिर सम्म सडक ग्रेभल र कुत्ता खोलामा पुलको माँग | स्था.वि.अ. मोहन पौडेल | योजना माँग गर्ने समयमा गा.वि.स.वाट नै प्राथमिकतामा पारेर पठाउनु होला |

**कार्यक्रमको अन्तमा**

कार्यक्रमको अन्तमा उपस्थित राजनैतिक दलका प्रतिनिधिज्यूहरुले मन्तव्य राख्नुभएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख अतिथी श्री मोहन पौडेलले कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद सहित मन्तव्यमा जि.वि.स.का आगामी कार्यक्रमहरु अझ पारदर्शीताका साथ अगाडी वढाईने कुरामा जोड दिनुभएको थियो । सभाध्यक्ष तथा गा.वि.स. सचिव श्री रामप्रसाद वोहराले समापन गर्नुभएको थियो ।